# जनकपुरधाम उपमहानगरपालिकाको नगर सभामा

नगर प्रमुख श्री लाल किशोर साहद्वारा प्रस्तुत

# बार्षिक नीति तथा कार्यक्रम

आर्थिक बर्ष २०७५/०७६



**जनकपुरधाम उपमहानगरपालिका**

**जनकपुरधाम, धनुषा**

**९ असार २०७५**

# आ.व.२०७५/०७६ को बार्षिक नीति तथा कार्यक्रम

आदरणिय यस गरिमामय नगर सभाका सदस्य ज्युहरु

१) आजको यस जनकपुरधाम उपमहानगरपालीकाको दोस्रो नगर सभामा आर्थिक बर्ष २०७५/७६ को बार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउदा गौरवान्वित भएको छु ।

२) २०६३ साल देखि पटक पटक भएका मधेश आन्दोलन र २०७२ सालमा भएको ऐतिहासिक अनिश्चितकालीन तर्राई मधेश आमहड्तालले उठान गरेको विभेदरहित र सर्वस्वीकार्य संविधान वनाउने अभियानमा सहादत हुनु भएका वीर सहिदहरु प्रति हार्दिक श्रद्धान्जली अर्पण गर्दछु।लोकतन्त्र स्थापनाको लागि विभिन्न कालखण्डमा प्राणआहुती दिने सम्पुर्ण सहीदहरूप्रति हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दछु । वीरगती प्राप्त गर्ने सहिद परिवारजन एवं आन्दोलनमा घाइते भई अंगभंग हुनु भएका योद्धाहरु प्रति उच्च सम्मान ब्यक्त गर्न चाहन्छु ।

३) २०६२/०६३ को लोकतान्त्रीक जनआन्दोलनको सफलताले स्थापित गरेको संघात्मक राज्य प्रणालीको हामी प्रारम्भिक अभ्यासमै छौ । त्यसैले नेपालको संविधान २०७२ ले प्रत्याभूत गरेको स्थानीय तहको सरकारको पूर्ण अधिकार हामीले प्राप्त गरि नसकेको अवस्था छ ।केन्द्रीकृत मानसिकताको भूत अझै विद्यमान रहेको कारणले पनि संघीय सरकारले पहिले देखि आफूले अभ्यास गर्दै आएको शक्ति, अधिकार, स्रोत, साधन एवं जनशक्ति प्रदेश तथा स्थानीय सरकारमा पठाउन आनाकानी गरेको अवस्था छ ।

४) समानुपातिक प्रतिनिधित्व, पहिचान र समावेशी शासन प्रशासनको मुख्य मुद्धालाई नेपालको राजनीतिक दस्तावेजहरुमा लिपिवद्ध गराउने काम मधेश आन्दोलनले गरेको हो । तैपनि संविधानले वर्षो देखि शोषित पिडित मधेसी, आदिवासी, जनजाती, मुस्लिम तथा अल्पसंख्यक जनताको अधिकार अझै पुर्ण रुपमा प्राप्त हुन सकेको छैन ।

५) जनकपुरधाम उपमहानगरपालिकालाई देशकै संमृद्ध तथा नमूना उपमहानगर वनाउने हाम्रो योजनामा हामी उपमहानगरपालिकाका पदाधिकारी तथा कर्मचारीहरु इमान्दारीताका साथ प्रयास गरिरहेका छौ र यहाँहरुसंग पनि यस महान अभियानमा सक्रिय सहयोगको अपेक्षा गरेको छु ।

६) जनकपुरधाम ऐतिहाँसिक धार्मिक एवं सांस्कृतिक रुपमा अत्यन्त धनि रहेको राजर्शी विश्वविद्यालय रहेको तथा रेलवे लगायतका पर्याप्त भौतिक पूर्वाधारले सम्पन्न भएको र जनकपुरवासीको

महाहानगर वनाउने चाहाना समेतको सम्मान गर्दै महानगरमा रुपान्तरण गर्ने हाम्रो प्रयास निरन्तर जारी छ यसमा संघीय सरकार तथा २ नंवर प्रदेश सरकार र माननीय संघीय तथा प्रदेश सभाका सभासदज्यूहरुको पुर्णरुपमा रचनात्मक सहयोग पाउँनेनै छ भन्ने मैले अपेक्षा गरेकोछु।

७) भारतका महामहिम प्रधानमन्त्री नरेन्द्र मोदी ज्यूको यस जनकपुरधाम भ्रमणको संयोजनमा यस जनकपुरधाम उपमहानगरपालिकाले अग्रणी एवं प्रभावकारी भूमिका खेलेको यहाँहरुलाई सर्वविधित नै छ । यस भ्रमणलाई सफलतापूर्वक सम्पन्न गराउन आ आफ्नो क्षेत्रवाट सहयोग पुर्याउनु हुने सबै प्रति म आभार व्यक्त गर्न चाहान्छु ।साथै महामहिमको जनकपुर विमानस्थलको सिधा अवतरण हाम्रो लागि गौरवको बिषय पनि हो र यसले जनकपुर विमानस्थल अन्तर्राष्ट्रिय उडानको लागि पनि उपयुक्त छ भन्ने प्रमाणित भएकोले यस विमानस्थलको स्तरोन्नती गर्नेतर्फ संघीय र प्रदेश सरकारसंग सहकार्य, समन्वय र पहल गरिनेछ ।

८) नरेन्द्र मोदीको जनकपुर भ्रमणको क्रममा जनकपुरधामको वृहत्तर विकासको लागि रु.१०० करोड सहायता प्रदान गर्ने वचन दिएको सन्दर्भमा लगानीको प्रस्ताव तयार गरि उक्त सहायता प्राप्त गर्न पहल गरिनेछ।

९) नेपालको संविधानले परिकल्पना गरेजस्तै संघीय ईकाइहरुवीच सहकार्य, समन्वय र सहअस्तित्वको आधारमा सहयोगको आदन प्रदान गर्न र सम्वन्धहरु विकास गर्न जनकपुरधाम उपमहानगरपालीका सदैव तत्पर रहेको रहेको कुरामा आस्वस्त पार्दै यसमा संघीय सरकार र प्रदेश सरकारलाई पनि हामीसंग सहकार्यको लागि आव्हान गर्न चाहान्छु ।

१०) लामो समयदेखि जनप्रतिनिधि बिहीन भएको स्थानीय तहलाई स्थानीय सरकारको रुपमा स्थापीत गरी न्यायीक, व्यवस्थापकिय र कार्यपालीकाको अभ्यासमा लैजानु सहज र सरल छैन। स्थानीय सरकारसंग आम नागरिकका माग तथा अपेक्षाहरु बढेका छन् ।र संगसंगै उत्साह सिर्जना पनि भएको छ।

११) स्थानीय तहमा संविधानले सृजना गरेको अधिकार तथा नागरिकका उत्साह, माग तथा अपेक्षाहरुको संवोधन गर्न मौजुदा भौतिक, मानविय तथा आर्थिक स्रोतवाट मात्र संभव छैन ।उपमहानगरमा योजनावद्धरुपमा आन्तरिक स्रोत बृद्धि गर्न सकिंने आधार तथा सम्भावनाहरुको खोजि गरि परिचालन गर्न, नागरिक सेवा प्रवाहलाई प्रभावकारी वनाउन, न्यायिक अधिकारको सक्षमतापूर्ण अभ्यास गर्न, आफ्ना कानून आफै तर्जुमा गर्न लगायतका लागि र नगरको समग्र क्रियाकलापहरुमा नयाँ सोच र योजनाका साथ सूचना प्रविधि सहितको अन्वेषणको लागि दक्ष जनशक्तिहरु भित्र्याउनु पर्ने आवस्यकता छ ।

१२) जनकपुरधामको गौरवमय इतिहास, जगत जननी जानकीको जन्मभूमि, हिन्दुहरुको पवित्र तिर्थस्थल, धार्मिक एवं अन्य पर्यटकहरुका लागि आकर्षक पर्यटक स्थल नेपालको लोकतान्त्रिक आन्दोलनमा जनकपुरधामले खेलेको भूमिका र २ नं प्रदेशको मध्य भागमा अवस्थित पर्याप्त

भौतिक पर्वाधार र सम्भावना भएको क्षेत्र जनकपुरधामलाई प्रदेशको स्थायी राजधानी वनाउन पहिलो नगर सभा झै यस पटक पनि सम्वद्ध सबैलाई आग्रह गर्न चाहान्छु ।

१३) आगामी आर्थिक बर्षको बजेटमा विषयगत, क्षेत्रगत गुरुयोजनाको कार्यान्वयन, नगर क्षेत्रको गरिबी न्यूनिकरण, सरसफाई तथा फोहोर व्यवस्थापन, सडक सुधार तथा ढल निर्माण, विद्युतीकरण, सार्वजनिक पार्कको व्यवस्था, हरियाली पर्वर्द्धन तथा वातावरण संरक्षण र पर्यटन पुर्वाधारको विकास जस्ता योजना तथा कार्यक्रमलाई विशेष प्राथमिकतामा राख्ने नीति अनुसारका कार्यक्रमहरु समावेश गरिएका छन्।

## सांस्कृतिक धरोहरको संरक्षण सम्वर्द्धन, पर्यटन प्रवर्धन र रोजगारी

१४) यस उपमहानगरपालिकालाई देशकै नमुना उपमहानगरपालिका र मुलुकको धार्मिक तथा सांस्कृतिक संमृद्धिको केन्द्र वनाउने दृढसंकल्प सहित जनकपुरधाम उपमहानगरपालिकाको नगर प्रमुखको हैसियतले यस नगरसभा समक्ष आगामी आर्थिक बर्ष २०७५/०७६ को नीति तथा कार्यक्रम प्रस्तुत गर्दा मैले गौरव संगसगै ठूलो जिम्मेवारी पनि महशुस गरेकोछु।

१५) उप महानगरपालिका क्षेत्रका प्रचुर धार्मिक एवं पर्यटकिय सम्भावना बोकेको धरोहरहरु जानकी मन्दिर, राम मन्दिर, जनक मन्दिर, मणिमण्डप, कुटी तथा पवित्र सरोवरहरु गंगा सागर, धनुष सागर जस्ता दर्जनौ पवित्र स्थलहरुको संरक्षण, संवर्द्धन र सौन्दर्यीकरण गरी पर्यटन क्षेत्रको प्रवर्धन गरिनेछ । साथै पर्यटक सूचना केन्द्रको स्थापना गरिनेछ ।

१६) नगर भित्रका सार्वजनिक जमिनहरुको संरक्षण गर्दै कृषि उत्पादनयुक्त भू-भागहरु, उत्पादनको लागि वजारहरु र सो संगको निकटता साथै उद्योग तथा कलकारखानाको विकास गरी रोजगारी प्रवर्द्धन गरिनेछ ।

१७) नगरको सर्वाङ्गीण विकासका लागि विभिन्न चरणहरु पार गर्दै सुसंस्कृत, आधुनिक, हराभरा, स्वच्छ, स्वस्थ, शिक्षित, सुन्दर र सक्षम नगरको रुपमा स्थापित गर्न बहुआयामिक र दिगो विकासको माध्यमद्वारा स्थानीय पूर्वाधार विकास, लैङ्गिक मूल प्रवाहीकरण, सामाजिक सशक्तिकरण र विकासको मूल प्रवाहमा संमाहित हुन नसकेका समुदायको सबलीकरण गर्दै नगरको विकास अभियानलाई अगाडि बढाउँदै लगिनेछ।

१८) सिप विकास तथा रोजगार प्रवर्द्धन कार्यक्रममा जोड दिई गरिवी न्यूनीकरण गरिनेछ ।

१९) जानकी मन्दिर, राम मन्दिर आदि पूरातात्विक महत्व बोकेका सांस्कृतिक धरोहरहरुको संरक्षण र संर्वधनका लागि विश्व सम्पदा सुचिमा समावेश गर्न गरिरहेको पहललाई निरन्तरता दिईनेछ ।

२०) मिथिला कला र संस्कृतिको संरक्षण र सम्वर्द्धनमा जोड दिईनेछ ।मिथिला कला लाई पाठयक्रममा समावेश गर्ने पाईला चलिनेछ ।

## लोकतन्त्र तथा सुशासनको प्रवर्धन

२१) संविधानले सुनिश्चित गरेका स्थानीय तहको अधिकारहरुको अभ्यास गर्न तथा नगर सरकारवाट प्रवाह हुने सेवाहरु सुलभ र गुणस्तरीय बनाउन र लोकतन्त्रका लाभहरुको समानुपातिक, समावेशी र न्यायोचित वितरण गरि कानुनी राज्यको अनुभूती दिलाउन जनसहभागिता, उत्तरदायित्व र पारदर्शीता सुनिश्चित गर्दै लगिनेछ ।

२२) संघिय लोकतान्त्रिक गणतन्त्रात्मक शासन प्रणालीलाई स्थानीय तह देखि नै सुदृढ गर्न तथा पारदर्शी र जनमुखी नेतृत्वको विकास गर्दै स्थानीय शासन प्रद्धतिलाई ब्यवस्थित गर्न स्थानीय तहमा विधायिकी, कार्यकारिणी र न्यायीक अभ्यासलाई संस्थागत गर्दै लगिनेछ ।

२३) आम नागरिकहरुको प्रत्यक्ष सम्बन्ध रहेको संस्था नै स्थानीय तह हो । सूचना प्रविधिमा आधारित शासन संचालनको माध्यमवाट स्थानीय सरकारबाट प्रवाह गरिने सेवामा सरलता, विकास निर्माणका कार्यलाई गुणस्तरीयता एवं परिणाममुखी वनाई स्थानीय शासन प्रक्रियालाई जनमुखी, जवाफदेही, पारदर्शी, उत्तरदायी, समावेशी र सहभागितामूलक बनाउने कुरालाई आगामी आर्थिक बर्षको बजेटले उच्च प्राथमिकता दिएको छ ।

## सामाजिक तथा अन्तरसम्वन्धित क्षेत्रको विकास

२४) आगामी आर्थिक बर्ष २०७५/०७६ मा सामाजिक तथा अन्तरसम्वन्धित क्षेत्रको विकास तर्फ स्थानीय जनसहभागिता र सामाजिक समावेशीकरणको माध्यमद्वारा समुदायको स-शक्तिकरण, दलित तथा अल्पसंख्यक समूदायको सामाजिक सुरक्षा, गरिबी न्यूनीकरणका लागि विशेष कार्यक्रमहरु, आधारभुत स्वास्थ्य सेवाको पहुँचमा विस्तारका लागि कार्यक्रमहरु समावेश गरिनेछ ।

२५) सामाजिक समावेशिकरण तथा लैंङ्गकि सामनताका दृष्टिकोणले वालमैत्री स्थानीय शासन, महिला, दलित, अपाङ्ग, जेष्ठ नागरिक, अनाथ वालवालिकाको हेरचाहमा जोड दिइएको छ ।

२६) **"सबैका लागि गुणस्तरीय शिक्षा"** कार्यक्रम अन्तरगत नगर क्षेत्रका सामूदायिक तथा नीजि विद्यालयहरुमा शैक्षिक गुणस्तर कायम राख्न निरन्तर नियमन गरिनेछ । महिला दलित अपाङ्ग अल्पसंख्यकको शिक्षामा पहुँचको लागि विशेष कार्यक्रम सञ्चालन गरिनेछ ।

२७) विद्यालय भर्ना अभियान तथा अनौपचारिक शिक्षाको कार्यक्रमहरु घनिभूत रुपमा सञ्चालन गरि **“साक्षरता अभियान”** सञ्चालन गरी पांच वर्ष भित्र निरक्षरता उन्मुलन गरिने छ ।

२८) सामुदायिक विद्यालयहरुमा छात्राहरुले भोग्नुपरेको असुविधालाई ध्यानमा राखि महिला शौचालय निर्माण तथा प्याड बैंक स्थापना लाई अभियानको रुपमा सञ्चालन गरिनेछ ।

## फोहोरमैला व्यवस्थापन तथा वातावरण संरक्षण

२९) नगर क्षेत्रवाट उत्सर्जन हुने फोहोरमैलाहरुको उचित व्यवस्थापन गर्न अन्तराष्ट्रिय स्तरको स्यानिटरी लैण्ड फिल्ड साइट निर्माण गरिनेछ ।

३०) **“उपमहानगर स्वच्छता अभियान”** अन्तरगत प्लाष्टिक जन्य वस्तुहरुको प्रयोगलाई निषेध गरी माटोका भाडा, कागज र कपडाको झोला तयारीमा अनुदान दिइनेछ ।

३१) नगरभित्रका मूल सड्क तथा सहायक सड्कहरु समेतमा फोहोर संकलन व्यवस्थित गर्न साना सरसफाई सवारी साधनहरु समेतको प्रयोग गरिनेछ ।

## पूर्वाधार विकास तथा नगरको सौन्दर्यकरण

३२) व्यवस्थित एवम् दिगो शहरी पुर्वाधार, व्यवस्थित शहरी नाला निर्माण, पोखरी सौन्दर्यीकरणका कार्यक्रम निरन्तर सञ्चालन गरिनेछ ।

३३) नगर भित्रका ऐतिहासिक धार्मिक मठमन्दिर व्यवस्थापन तथा धार्मिक सरोवरहरुको सौन्दर्यीकरण तथा संरक्षणमा विशेष ध्यान दिइनेछ ।

३४) नगर सुरक्षालाई ध्यान दिदै सडक बत्ती, सि.सि. क्यामरा, ट्राफिक संकेतको व्यवस्थापन गर्ने नीति लिईनेछ र सो सम्वन्धी कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

३५) स्मार्ट सिटीको अवधारणालाई आत्मसात गर्दै कार्यक्रमहरु कार्यान्वयन गरिनेछ ।

३६) पर्यटकिय सम्भावनालाई मध्येनजर गर्दै पर्यटन वेब साइट, पर्यटकिय गाइड बुक तयार गरिनेछ ।

३७) वर्तमान जनकपुरधाम उपमहानगरपालिकाको जनघनत्व एंव क्षेत्रफल अत्यन्त विस्तार भईसकेको वर्तमान परिप्रेक्ष्मा नगरको व्यवस्थित तथा संतुलित विकासलाई दृष्टिगत गर्दै वाहय चक्रपथ निर्माणको संभाव्यता अध्ययन र कार्य योजना निर्माण कार्यलाई प्राथमिकता दिइने छ ।

३८) जनकपुरधाम उपमहानगरपालिका प्रवेश गर्ने उत्तर तिर भव्य शहिद प्रवेश द्वार निर्माण गरिनेछ ।

३९) जनकपुरधाम क्षेत्रको मूल सड्कहरुसंग जोड्ने गरी वडाहरुवाट सहायक सड्कहरु (Linked Road) बनाउने नीति लिइनेछ ।

४०) उपमहानगरको कुनै एउटा वार्डलाई मेगा वार्डको रुपमा विकास गर्नेगरी कार्यक्रम समावेश गरिनेछ ।

## अन्य कार्यक्रमहरु

४१) लामखुट्टे नियन्त्रणका लागि विशेष कार्यक्रम संचालन गरिने छ ।

४२) जनकपुरधाम उपमहानगरपालिकाका अधिकांश नागरिकहरु कृषिमा आधारित रहेको तथ्यलाई आत्मसात् गर्दै कृषि क्षेत्रको आधुनिकीकरण तथा विकासलाई प्राथमिकिता प्रदान गरिनेछ ।

४३) नगर क्षेत्रमा शिक्षा एंव स्वास्थय जस्ता सामाजिक पुर्वाधारको विकास तथा स्तरीयता प्रदान गर्न विशेष कार्यक्रम संचालित गरिनेछ ।

४४) मिल्स एरिया स्थित शुभ चौकमा भव्य स्व. शुभ नारायण स्मारक निर्माण गरिनेछ ।

४५) उपमहानगरपालिका क्षेत्रभित्रका पहिले बनेका घरहरुको नक्शापास हुने र ठूला आधुनिक भवनहरु जस्तै ठूला मल, शौपिङ्ग कम्पलेक्स तथा तारे होटलहरु वनाउन सकिने गरी विद्यमान भवन नक्शापास मापदण्डलाई परिष्कृत गरिनेछ ।

४६) ऐकिकृत शहरी विकास रणनीति अन्तरगत Land Use Planning गरि आवास क्षेत्र, कृषि क्षेत्र, औद्योगिक क्षेत्र एवं आधुनिक कमर्सियल भवनहरुको क्षेत्र वर्गीकरण गरिने छ ।

४७) आवाश क्षेत्रको लागि सुरक्षित बस्ती सुनिश्चितताको लागि उपमहानगरपालिकाले ठांउ ठांउमा नमुना माटो परिक्षण गरि वस्ति योग्य भुमि सुनिश्चित गरिनेछ ।

४८) जनकपुरधाम नगर सरकारको छुट्टै पहिचान झल्कने गरी पदधिकारी तथा कर्मचारीहरुको ड्रेस कोड तथा नगरको समग्र विकासको लागि नगर अभियान गित तयार गरिने छ ।

४९) नागरिकलाई अत्यावश्यक सेवा २४ से घण्टा उपलब्ध गराउने गरि टोल फ्रि नंवर र हटलाईन टेलिफोन सहितको सेवा कक्ष स्थापना गर्न केहि रकम विनियोजन गरेको छु ।

## स्रोत व्यवस्थापन

५०) आन्तरिक स्रोतको दर दायरा र आधारलाई फराकिलो बनाउँदै जाने नीति लिईनेछ ।

५१) ठूला प्रकृतिका आयोजनाहरुमा लागत साझेदारीको अवधारणालाई अवलम्वन गरी नीजि क्षेत्र एवं संघीय सरकारको स्रोतको उपयोग गर्नेगरी आयोजनाहरुको सम्भाव्यता अध्ययन गराई प्रोजेक्ट बैंक स्थापना गरिनेछ जसमा नीजि क्षेत्रको लगानी र संघीय सरकारको समपुरक अनुदान आकर्षित गरिनेछ ।

५२) वैदेशिक सहायताका ठूला आयोजनाहरु यस नगर क्षेत्रमा सञ्चालन गर्न संघीय सरकारसंग सहकार्य गरिनेछ ।

**आदरणिय महानुभावहरु ,**

५३) तर्जुमा गरिएका कार्यक्रमहरुको दक्ष एवं कुशल कार्यान्वयनले मात्रै आम नागरिकमा प्रभावकारी प्रतिफल दिन सक्छ ।त्यसैले उपमहानगरले तर्जुमा गरेका कार्यक्रमहरूको सफल कार्यान्वयनमा यहाँहरु सबैको सहकार्य, साझेदारी तथा रचनात्मक सहयोगको आवश्यकता पर्दछ । अतः यस अवसरमा जनकपुरधाम उपमहानगरपालिकाको विकासमा प्रभावकारी भूमिका खेल्न सरकारी निकायहरू, निजी क्षेत्र, दातृ निकाय, अन्तराष्ट्रिय संघ-संस्थाहरू, विभिन्न सहयोगी मित्र राष्ट्रहरु, गैर सरकारी तथा सहकारी संघ-संस्थाहरू, टोल विकास संस्थाहरू लगायत अन्य सम्पुर्ण सरोकारवालाहरूलाई यसै सभाबाट अनुरोध समेत गर्न चाहन्छु ।

५४) जनकपुरधाम उपमहानगरपालिकाको मुख्य सड्कहरु विस्तार कार्यमा नगरवासी दाजुभाई तथा दिदीवहिनीहरुद्वारा गरिएको उदारतापूर्ण योगदान एवं देखाइएको सम्वद्धताप्रति उपमहानगरपालिका हार्दिक सम्मान प्रकट गर्दै उच्च मूल्याङ्कन गर्दछ ।

५५) सड्कहरु विस्तारमा नागरिकहरुका परेका जग्गा तथा क्षति भएका भौतिक संरचनाको अविलम्व प्राविधिक खटाई लगत तयार गर्न लगाइनेछ र उक्त क्षतिको क्षतिपूर्तिका लागि नेपाल सरकारसंग सिफारिससहित अनुरोध गरिनेछ ।साथै उपमहानगरपालिकाको तर्फवाट नागरिकहरुको उक्त योगदानको कदर गर्दै सम्मान समारोह आयोजना गरि कदरपत्र प्रदान गरिनेछ ।

५६) प्रस्तुत नीति तथा कार्यक्रमको पुर्ण विवरण, आगामी आर्थिक बर्ष २०७५/०७६ को बजेट बक्तव्य र आय तथा व्ययको विस्तारित विवरणसहितको दस्तावेजहरु यथाशिघ्र यहाँहरू समक्ष उपलब्ध गराउने बाचा गर्दछु । साथै उल्लेखित सबै दस्तावेजहरु यस उपमहानगरको वेभ साईट www.janakpurmun.gov.np मा अपलोड गरिने व्यहोरा समेत निवेदन गर्दछु । उक्त सबै दस्तावेजहरु सरकारका सबै निकायहरु विकासको क्षेत्रमा क्रियाशील सवै संस्थाहरू तथा सबै विकासका साझेदारहरूका लागि उपयोगि रहनेछ भन्ने विश्वास हामीले लिएका छौं। यस नीति तथा कार्यक्रम सभाको बन्द सत्रमा पेश भई छलफल पश्चात पारित हुने विश्वास लिएको छु

**अन्तमा,**

५७) जनकपुरधाम उपमहानगर नेपालको सम्बृद्ध महानगर बन्ने सम्भावना भएको नगर हो । जुनसुकै राजनीतिक आस्थाले प्रेरित भए पनि जनकपुरधामको विकास र सम्बृद्धिका हकमा यो नगरसभामा कोही पक्ष र प्रतिपक्ष छैन । आज यो नगर सभामा साझा संकल्प गरौं, जनकपुरधामलाई हामी देशकै नमुना र अरुका लागि उदाहरणीय शहर बनाइ छाड्ने छौं । प्रस्तुत नीति तथा कार्यक्रम तर्जुमा गर्ने प्रक्रियामा प्रत्यक्ष तथा परोक्षरुपमा सहयोग पुर्‍याउनुहुने सम्पुर्ण कार्यपालिका सदस्यज्यूहरू, नगर सभा सदस्यज्यूहरू, बुद्धिजिवीहरु, राजनीतिज्ञज्यूहरू, पत्रकार वन्धुहरु, उद्योगि व्यवसायीहरु, किसान, मजदुर तथा सम्पुर्ण नगरवासी दाजुभाइ तथा दिदीवहिनीहरू एवम् नगर सेवक कर्मचारीहरुलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।

**धन्यवाद, जयमधेश ।**